**शिक्षक सेवा आयोग**

**प्राथमिक तह, तृतीय श्रेणी, शिक्षक पदको खुल्ला प्रतियोगितात्मक परीक्षा (सामान्य), २०७८**

समय: १ घण्टा सेट (SET): A

पूर्णाङ्क: १०० उत्तीर्णाङ्क: ५०

**वस्तुगत प्रश्न**

उम्मेदवारले यस प्रश्नपत्रको दायाँतर्फ दिइएको सेट (A, B, C वा D) लाई वस्तुगत उत्तरपाना (OMR Sheet) को निर्दिष्ट स्थानमा अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ। सो उल्लेख नगरेमा वा सो बाहेक अन्य सङ्केत लेखेमा उत्तरपुस्तिका परीक्षण हुने छैन । साथै, सही उत्तरलाई वस्तुगत उत्तरपानाको निर्दिष्ट गोलो घेरा (A, B, C वा D) मध्ये कुनै एक भित्र पर्ने गरी कालो मसीले भर्नु पर्नेछ । उक्त स्थान बाहेक अन्यत्र लेख्न वा सङ्केत गर्न पाइने छैन । गलत उत्तर लेखेमा प्रत्येक गलत उत्तर बापत बीस प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन ।

१. तल दिइएका मध्ये प्रशान्त महासागरको सबैभन्दा गहिरो भाग कुन हो ?

A. जापा ट्रेन्च

**B. मारियाना ट्रेन्च**

C. वर्मुडा ट्रेन्च

D. पोटोरिको ट्रेन्च

**व्याख्या:** प्रशान्त महासागरको 'मारियाना ट्रेन्च' (Challenger Deep) पृथ्वीकै सबैभन्दा गहिरो स्थान (करिब १०,९९४ मिटर) हो।

२. नेपालको खनिज पदार्थ मध्ये मार्बलका लागि प्रख्यात ठाउँ कुन हो ?

**A. गोदावरी**

B. फुलचोकी

C. वन्दिपुर

D. गोसाइकुण्ड

**व्याख्या:** ललितपुरको गोदावरी सेतो र रङ्गीन मार्बलको लागि प्रसिद्ध खनिज क्षेत्र हो।

३. कुन राणा प्रधानमन्त्रीले गोरखापत्रको प्रकाशन शुरु गरेका थिए ?

A. जङ्ग बहादुर

B. चन्द्र शमशेर

**C. देव शमशेर**

D. वीर शमशेर

**व्याख्या:** राणा प्रधानमन्त्री देव शमशेरले वि.सं. १९५८ वैशाख २४ गतेदेखि 'गोरखापत्र' को प्रकाशन सुरु गराएका हुन्।

४. हाल नेपालको अर्थतन्त्रमा सबैभन्दा धेरै कूल गार्हस्थ उत्पादन (GDP) मा सहयोग पुर्‍याउने क्षेत्र कुन हो ?

A. कृषि

B. उद्योग

C. पर्यटन

**D. सेवा**

**व्याख्या:** नेपालको वर्तमान अर्थतन्त्रमा कुल गार्हस्थ उत्पादन (GDP) मा सेवा क्षेत्रको योगदान सबैभन्दा बढी (करिब ६२%) रहेको छ।

५. तल दिइएका मध्ये कुनचाहिँ खुद बसाइँसराइ (Net migration) को दरले कुनै क्षेत्रमा मानिसको धेरै कम आवतजावतलाई सङ्केत गर्दछ ?

**A. -०.०३**

B. -०.३०

C. -३.०

D. ३.०

**व्याख्या:** खुद बसाइँसराइ दर शून्यको नजिक (-0.03) हुनुले जनसंख्याको आगमन र प्रस्थान अति न्यून/सन्तुलित रहेको सङ्केत गर्छ।

६. सार्कको सचिवालय कहाँ स्थापना गरिएको छ ?

**A. काठमाडौं, नेपाल**

B. नयाँ दिल्ली, भारत

C. इस्लामाबाद, पाकिस्तान

D. ढाका, बंगलादेश

**व्याख्या:** SAARC Secretariat सन् १९८७ जनवरी १६ मा नेपालको काठमाडौँमा स्थापना भएको हो।

७. भारत सरकारद्वारा प्रदान गरिने प्रतिष्ठित पदक 'पद्मश्री' बाट सम्मानित हुने नेपाली चिकित्सक को हुन् ?

A. डा. रीता थापा

B. डा. भगवान कोइराला

**C. डा. सन्दुक रुइत**

D. डा. सुन्दरमणि दीक्षित

**व्याख्या:** डा. सन्दुक रुइतलाई मोतियाविन्दु निवारणमा पुऱ्याएको योगदानबापत भारत सरकारले सन् २०१८ मा 'पद्मश्री' सम्मान प्रदान गरेको थियो।

८. राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार सबै तहको शिक्षालाई तल दिइएको मध्ये कस्तो बनाउने लक्ष्य लिइएको छ ?

A. प्रतिस्पर्धी, बालमैत्री, रोजगारमूलक र उत्पादनमुखी

B. प्रतिस्पर्धी, प्राविधिकमैत्री, रोजगारमूलक र उत्पादनमुखी

**C. प्रतिस्पर्धी, प्राविधिकमैत्री, खोजमूलक र रोजगारमूलक**

D. प्रतिस्पर्धी, प्राविधिकमैत्री, खोजमूलक र उत्पादनमुखी

९. मनोवैज्ञानिकहरूले उत्तरबाल्यावस्थालाई के भनी बताएका छन् ?

A. सृजनात्मक उमेर

B. परिपक्वताको उमेर

**C. सावधानीको उमेर (वा लापरवाहीको उमेर)**

D. दुःखपूर्ण उमेर

**व्याख्या:** उत्तर बाल्यावस्था (Late Childhood) लाई मनोवैज्ञानिकहरूले Sloppy age (लापरवाही/फोहोर उमेर) वा Gang age भनेका छन्।

१०. मानवको सिकाइ र परिपक्वता बीच आपसी सम्बन्ध हुने पक्ष कुन हो ?

A. मानव वृद्धि

**B. मानव विकास**

C. मानव व्यवहार

D. मानव गतिविधि

**व्याख्या:** मानव विकास परिपक्वता (Maturation) र सिकाइ (Learning) को अन्तरक्रियाबाट हुने परिणाम हो।

११. मादल बजाउन सिपालु कुनै व्यक्तिलाई ढोलक बजाउन बाधा वा अफ्ठेरो महसुस हुन्छ भने यो सिकाइको कुन अवस्था हो ?

A. सिकाइको सकारात्मक स्थानान्तरण

**B. सिकाइको नकारात्मक स्थानान्तरण**

C. सिकाइको उच्च स्थानान्तरण

D. सिकाइको शून्य स्थानान्तरण

१२. एउटा सानो बालकलाई नमस्कार गर्न सिकाइयो, गर्दा सिकाइको आधारमा उसले सबैलाई नमस्कार गर्न सक्छ भने सिकाइको भाषामा यसलाई के भनिन्छ ?

**A. उत्तेजनाको सामान्यीकरण**

B. उत्तेजनाको विभेदीकरण

C. सिकाइको सामान्यीकरण

D. सिकाइको विभेदीकरण

१३. "समाजले चाहेजस्तो पाठ्यक्रम हुनुपर्दछ । यस्तो नभएमा सामाजिक उद्देश्यहरू पाठ्यक्रमले पूरा गर्न सक्दैन ।" यो भनाइ पाठ्यक्रमको कुन पक्षसँग बढी सम्बन्धित छ ?

A. पर्याप्तता

**B. सान्दर्भिकता**

C. विश्वसनीयता

D. वस्तुनिष्ठता

१४. तपाईंले आफूले कुनै पाठको सिकाइ सहजीकरण गर्नुपर्ने विषयहरूको विस्तृत योजना तयार पार्नुपर्दा कुन किसिमको योजना बनाउनु हुन्छ ?

A. एकाइ योजना

**B. दैनिक पाठयोजना**

C. वार्षिक कार्ययोजना

D. वार्षिक पाठयोजना

१५. परिणामको लेखाजोखा गर्नुको साथै गुणको समेत मूल्य निर्धारण गर्ने मापनको पद्धति कुन हो ?

A. परीक्षा

**B. मूल्याङ्कन**

C. मापन

D. अवलोकन

**व्याख्या:** मूल्याङ्कन = मापन (Measurement) + मूल्य निर्धारण (Value Judgment)।

१६. थोरै शिक्षक तथा थोरै विद्यार्थी सङ्ख्या भएको आधारभूत तहको कक्षा १-५ सञ्चालित विद्यालयमा कस्तो शिक्षण बढी उपयुक्त हुन्छ ?

A. कक्षा शिक्षण

B. विषय शिक्षण

**C. बहुकक्षा शिक्षण**

D. बहुकक्षा बहुस्तर शिक्षण

१७. शिक्षा क्षेत्रमा अनुसन्धानको आवश्यकता किन पर्दछ ?

A. शैक्षिक अभ्यासमा सुधार गर्न

B. पूर्व प्राप्तिको प्रमाणीकरण गर्न

C. शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्न

**D. माथिका सबै**

१८. Notepad मा बनाएको डकुमेन्टको Extension .................. हुन्छ ।

**A. .txt**

B. .xls

C. .ppt

D. .bmp

१९. विद्यार्थीहरूसँग अन्तरक्रिया गर्न समूह बनाउन नमिल्ने सामाजिक सञ्जाल तलका मध्ये कुन हो ?

**A. Youtube**

B. Viber

C. Messenger

D. Whats app

**व्याख्या:** Viber, Messenger र Whatsapp मा Group बनाएर direct interactive chat गर्न सकिन्छ, YouTube मा Group chat/forum सुविधा हुँदैन।

२०. नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट कुन तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हकको व्यवस्था गरेको छ ?

A. प्राथमिक तह

B. निम्न माध्यमिक तह

**C. आधारभूत तह**

D. माध्यमिक तह

२१. शिक्षा नियमावली, २०५९ अनुसार विद्यालयमा अध्ययनरत विद्यार्थीको पोशाक तोक्ने अधिकारिक निकाय कुन हो ?

A. सम्बन्धित पालिका

B. शिक्षा विकास तथा समन्वय इकाइ

**C. सम्बन्धित विद्यालय**

D. शिक्षा तथा मानव स्रोत विकास केन्द्र

२२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति दिने अधिकार कसलाई दिइएको छ ?

**A. स्थानीय तह**

B. सम्बन्धित वडा कार्यालय

C. गाउँ/नगर शिक्षा समिति

D. विद्यालय व्यवस्थापन समिति

२३. यदि Colleague: associate भए Accessory: ?

A. friend

B. comrade

C. flower

**D. accomplish**

**व्याख्या:** यहाँ 'Accessory' को समानार्थी शब्द 'Accomplice' (सहयोगी/सह-अपराधी) हो, जसको अर्थ 'accomplish' (सम्पन्न गर्नु/सहयोग गर्नु) सँग नजिकको सम्बन्ध छ।

२४. Webinar को अर्थ के हो ?

A. सभाहलमा गरिने सेमिनार

**B. Internet को माध्यमबाट गरिने सेमिनार**

C. Web मा सहभागी हुने कार्य

D. माथिको कुनै पनि होइन

२५. शिक्षक तालिमले शिक्षकलाई तल दिइएका मध्ये कुन क्षेत्रमा सबल बनाउँछ ?

A. सङ्गठनात्मक सिकाइ

B. शिक्षण कौशल

C. अभिभावक-शिक्षक सम्बन्ध

**D. माथिका सबै**

२६. पृथ्वी आफ्नो अक्षमा कुन दिशामा घुम्ने गर्छ ?

**A. पश्चिमबाट पूर्वतर्फ**

B. पूर्वबाट पश्चिमतर्फ

C. उत्तरबाट दक्षिणतर्फ

D. दक्षिणबाट उत्तरतर्फ

२७. कुनै ठाउँको स्थानीय समयको निर्धारण के को आधारमा गरिन्छ ?

**A. देशान्तर रेखा**

B. अक्षांश रेखा

C. कर्कट रेखा

D. मकर रेखा

२८. नेपालले एसियाको कति प्रतिशत भू-भाग ओगटेको छ ?

A. ०.०३%

**B. ०.३%**

C. २.३%

D. १.३%

**व्याख्या:** नेपालले एसियाको करिब ०.३% र विश्वको ०.०३% भू-भाग ओगटेको छ।

२९. चाँगुनारायण मन्दिर कुन शैलीमा बनेको छ ?

A. शिखर शैली

**B. प्यागोडा शैली**

C. स्तूप शैली

D. मुगल शैली

३०. नेपालको प्रथम पञ्चवर्षीय योजना २०१३-२०१८ को कुल अनुमानित खर्च कति रहेको थियो ?

A. ३० करोड

B. ३१ करोड

C. ३२ करोड

**D. ३३ करोड**

३१. शुद्ध पानीको pH scale कति हुन्छ ?

A. pH8

**B. pH7**

C. pH6

D. pH5

३२. जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौतालाई अनुमोदन गर्ने पहिलो सार्क राष्ट्र कुन हो ?

A. बंगलादेश

B. भारत

C. नेपाल

**D. माल्दिभ्स**

३३. एसियन जोन रोन्टल महिला भलिबल च्यालेन्ज कप, २०२१ को विजेता राष्ट्र कुन हो ?

A. उज्वेकिस्तान

B. श्रीलंका

C. माल्दिभ्स

**D. नेपाल**

३४. शिक्षाको व्यापक अर्थ अन्तर्गत तलका मध्ये कुन पर्दछ ?

**A. व्यक्तिगत व्यक्तित्व र चरित्रको विकास**

B. व्यक्तिको पेशागत विकास

C. व्यक्तिको पारिवारिक विकास

D. व्यक्तिको मनोवैज्ञानिक विकास

३५. मनोविज्ञानलाई कसरी परिभाषित गर्न सकिन्छ ?

A. आत्माको अध्ययन गर्ने विज्ञान

B. चेतनाको अध्ययन गर्ने विज्ञान

**C. व्यवहारको अध्ययन गर्ने विज्ञान**

D. शारीरिक वृद्धि अध्ययन गर्ने विज्ञान

३६. तलका मध्ये कुन किसिमबाट सिकेको सिकाइले लामो समयसम्म स्मृतिमा बलियो छाप पार्न सक्दछ ?

A. कण्ठस्थ सिकाइ

B. अवलोकन बाट सिकेको सिकाइ

**C. प्रयोगात्मक तरिकाले सिकेको सिकाइ**

D. व्यवहारिक र प्रभावकारी तवरले सिकेको सिकाइ

३७. सिकाइमा साहचर्य (Association) को ठूलो भूमिका रहने सिकाइ सिद्धान्त कुन हो ?

**A. शास्त्रीय सम्बन्ध प्रत्यावर्तन**

B. क्रियापरक सम्बन्ध प्रत्यावर्तन

C. अन्तर्दृष्टिको सिकाइ

D. कोहलरको प्रयोग

३८. विद्यार्थीहरुको पूर्णज्ञान, अनुभवलाई पनि समेट्दै सक्षमताको दृष्टिले पाठ्यक्रमको तहगत सामञ्जस्यता गर्नुपर्ने पक्ष तलका मध्ये कुन हो ?

A. Horizontal and parallel

B. Vertical and parallel

C. Vertical and equal

**D. Horizontal and vertical**

३९. आधारभूत पाठ्यक्रम कक्षा (१-३), २०७६ अनुसार तलका मध्ये कुन ढाँचामा आधारित छ ?

A. बहुविषयात्मक

**B. अन्तरविषयगत**

C. बहुविषयात्मक र अन्तरविषयगत

D. एकल विषयगत

४०. सिकाइ सहजीकरणका क्रममा शब्दको प्रयोग घटाई अर्थपूर्ण धारणाको विकास गर्न सहयोग पुर्‍याउने विषय कुन हो ?

A. शिक्षण विधि

B. पाठ्यक्रम

**C. शिक्षण सामग्री**

D. अभ्यास

४१. विद्यार्थी मूल्याङ्कनका क्रममा प्रामाणिक मूल्याङ्कन र विषयगत अभिलेखलाई उपयोग गरी गरिने मूल्याङ्कन प्रक्रिया कुन हो ?

A. निर्णयात्मक मूल्याङ्कन

B. विषयगत मूल्याङ्कन

**C. निर्माणात्मक मूल्याङ्कन**

D. स्तरीकृत मूल्याङ्कन

४२. सिकाइ सहजीकरणका क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीको उचाइ, हेर्ने तथा सुन्ने क्षमता, उमेर, प्रकाश आदिलाई व्यवस्थित गर्नु कस्तो कार्य अन्तर्गत पर्दछ ?

A. विद्यार्थी व्यवस्थापन

B. शिक्षण विधि व्यवस्थापन

C. विद्यालय व्यवस्थापन

**D. कक्षा व्यवस्थापन**

४३. तलका मध्ये कुन Output Device होइन ?

A. Printer

B. Speaker

**C. Scanner**

D. Screen

**व्याख्या:** Scanner एक Input Device हो।

४४. विद्यार्थीलाई मूल्याङ्कन गर्न तलका मध्ये कुन Application बढी उपयोगी हुन्छ ?

A. MS Word

B. MS Excel

**C. Google Form**

D. Google Sheets

**व्याख्या:** Online Quiz/Assessment का लागि Google Form सबैभन्दा उपयुक्त हुन्छ।

४५. तलका मध्ये कुन कार्य Cyber Crime अन्तर्गत पर्दैन ?

A. Data theft

B. Forgery

C. Damage to data and system

**D. Installing Antivirus**

४६. शिक्षा ऐन, २०२८ अनुसार शिक्षक सेवा आयोगको अध्यक्ष र सदस्यहरुको नियुक्तिको लागि सिफारिस गर्न नेपाल सरकारले तल दिइएका मध्ये कसको अध्यक्षतामा तीन सदस्यीय समिति गठन गर्ने व्यवस्था छ ?

A. मुख्य सचिव, नेपाल सरकार

**B. अध्यक्ष, लोक सेवा आयोग**

C. उपकुलपति, त्रिभुवन विश्वविद्यालय

D. सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

४७. शिक्षक सेवा आयोग नियमावली अनुसार आयोगबाट लिइने परीक्षाको पाठ्यक्रम परीक्षण तथा मूल्याङ्कन कसले तोके बमोजिम हुने व्यवस्था छ ?

A. पाठ्यक्रम विकास केन्द्र

B. शिक्षा तथा मानव स्रोत विकास केन्द्र

**C. शिक्षक सेवा आयोग**

D. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

४८. तलका शब्द समूहबाट नमिल्दो शब्द छुट्याउनुहोस् ?

A. थर्मोमिटर

**B. किलोमिटर**

C. ब्यारोमिटर

D. ल्याक्टोमिटर

**व्याख्या:** थर्मोमिटर, ब्यारोमिटर र ल्याक्टोमिटर मापन यन्त्र (Instruments) हुन्; किलोमिटर दुरीको एकाइ (Unit of measurement) हो।

४९. १० वटा सामान रु.५ मा खरिद गरिन्छ । त्यसमध्ये ५ वटा सामान १० रुपैयाँमा बिक्री गरिन्छ भने ४० सामान बेचेर कति रुपैयाँ नाफा हुन्छ ?

A. Rs.50

**B. Rs. 60**

C. Rs. 65

D. Rs. 80

**व्याख्या:** १ वटाको क्रय मूल्य (CP) = ५/१० = ०.५ रु; १ वटाको बिक्री मूल्य (SP) = १०/५ = २ रु; १ वटामा नाफा = २ - ०.५ = १.५ रु; ४० वटामा कुल नाफा = ४० × १.५ = ६० रु।

५०. तलका मध्ये कुनचाहिँ Email Address को सही Format हो ?

A. name@website@info

**B. name@website.info**

C. www.namewebsite.com

D. name.website.c

*This response is AI-generated, for reference only.*